# शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०८०

**प्रस्तावना**: स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीका लागि भाषा शिक्षण, तालिम, पूर्व तयारी कक्षा तथा परामर्श सेवा र सो बापत विद्यार्थीसँग लिने शुल्क तथा ती संस्थाबाट विद्यार्थीलाई प्रदान गरिने सेवा तथा सुविधा समेतलाई व्यवस्थित, सरलीकृत गरी अनुमति प्रदान गर्न र उक्त कार्यमा संलग्न विभिन्न निकायहरूको भूमिका स्पष्ट गर्न वान्छनिय भएकाले,

प्रदेश प्रशासकीय कार्यविधि २०७९ को दफा ३ (नियमित गर्न ऐन, २०७५, संसोशन सहित) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद - एक

## प्रारम्भिक

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भ</u> : (१) यस निर्देशिकाको नाम **"शैक्षिक परामर्श सेवा तथा भाषा** शिक्षण निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

क) **"प्रदेश"** भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

ख) **"पूर्व तयारी कक्षा"** भन्नाले TOFEL, IELTS, SAT, GRE, JLPT GMAT लगायतका परीक्षाको लागि तयारी गरिने कक्षा सम्झनु पर्छ। सो शब्दले ब्रिज कोर्श, कोचिङ्ग र ट्यूशन (अतिरिक्त शिक्षण) कक्षा समेतलाई जनाउँछ।

ग) **"भाषा शिक्षण"** भन्नाले भाषा शिक्षण गर्ने संस्था, कोचिङ्ग वा ट्यूशन (अतिरिक्त शिक्षण) कक्षामा अध्ययन, अध्यापन गराइने स्वदेशी तथा विदेशी भाषा शिक्षण सम्झनु पर्छ।

घ) **"मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

ङ) **"विद्यार्थी"** भन्नाले शैक्षिक परामर्श सेवा प्राप्त गर्ने वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा अध्ययन गर्ने विद्यार्थी सम्झनु पर्छ।

च) **"शैक्षिक परामर्श सेवा"** भन्नाले स्वदेश तथा विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीलाई विषय, तह र शिक्षण संस्था छनौट गर्ने, शिक्षण संस्थामा प्रवेशको लागि तयारी गर्ने वा परामर्श प्रदान गर्ने वा परामर्श प्रदान गर्ने सेवा सम्झनु पर्छ,

छ) "शिक्षा मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

ज) "शैक्षिक संस्था" भन्नाले प्रदेश, नेपाल वा विदेशमा प्रचलित कानून बमोजिम स्थापना भएको विद्यालय, महाविद्यालय, विश्वविद्यालय सम्झनु पर्छ र सो शब्दले तालिम केन्द्र र प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षण संस्था समेतलाई जनाउँछ।

झ) "संस्था" भन्नाले शैक्षिक परामर्श सेवा वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा- सञ्चालन गर्ने फर्म, कम्पनी वा संस्थालाई सम्झनु पर्छ ।

ञ) "सेवा" भन्नाले शैक्षिक परामर्श सेवा वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा संचालन गर्ने संस्थाले दिने सेवालाई जनाउँछ।

## परिच्छेद - दुइ

## अनुमति सम्बन्धी व्यवस्था

३. अनुमतिः (१) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने उद्देश्य राखि प्रचलित कानुन बमोजिम दर्ता भएका कम्पनिहरुले यो निर्देशिका बमोजिम अनुमति नलिइ संचालन गर्न हुदैन।

(२) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्न चहाने संस्थाले यस निर्देशिका बमोजिम मन्त्रालयवाट निर्धारित शुल्क तिरी अनुमति लिनुपर्नेछ।

३) अनुमतिका लागि निवेदन दिने संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(४) मन्त्रालयले अनुमति तथा नविकरणका लागि अनलाइन मार्फत निवेदन दिनसक्ने व्यवस्था गर्न सक्नेछ।

(५) अनुमति पत्रका लागि शुल्क तथा नविकरण शुल्क अनुसूची ३ बमोजिम वुझाउनुपर्नेछ र सामाजिक विकास मन्त्रालयले आवश्यक्ता अनुसार उक्त शुल्कहरु परिमार्जन गर्न सक्नेछ।

यो निर्देशिका जारी हुनु पूर्व संचालनमा रहेका शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने संस्थाले यो निर्देशिका जारी भएको मितिले छ महिना भित्र सेवा सञ्चालन गर्न अनुमति लिनुपर्नेछ ।

४. <u>अनुमति पत्र दिन सक्ने</u> : (१) कुनै संस्थाले पेश गरेको निवेदन तथा कागजातहरू जाँचबुझ गर्दा उक्त संस्था माग बमोजिमको सेवा सञ्चालन गर्न सक्षम छ भन्ने देखिएमा मन्त्रालयले शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण **अनुसूची** २ बमोजिमको ढाँचामा अनुमति पत्र दिन सक्नेछ ।

(२) अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुनेछ । अनुमति पत्रको अवधि समाप्त भएको मितिले नव्बे दिनभित्र नवीकरणका लागि सामाजिक विकास मन्त्रालयमा निम्नलिखित कागजातहरू पेश गर्नुपर्नेछ:

(क) गत आर्थिक वर्षको प्रगति विवरण,

(ख) गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(ग) संस्थाले प्रदान गर्ने सेवा, कार्यप्रक्रिया र लागतको विवरण

(घ) संस्था दर्ता/नवीकरण भएको प्रमाणपत्र

(ङ) कर चुक्ता प्रमाण-पत्र

(च) कम्पनी अद्यावधिक भएको प्रमाण

(छ) गत आर्थिक वर्षमा सेवा परामर्श उपलब्ध गराए बापत संस्थाले प्राप्त गरेको विस्तृत शुल्क विवरण

(३) उपदफा (२) मा उल्लेखित अवधि भित्र नविकरण गर्न नसकेमा सोको कारण खुलाइ निवेदन पेश गरेमा सोही आर्थिक वर्षको बाकी अवधिको लागि शत प्रतिशत र सो पश्चात प्रत्येक वर्षको लागि दुइ सय प्रतिशत थप दस्तुर लिइ नविकरण गर्न सकिनेछ,

तर

आर्थिक वर्ष समाप्त भएको मितिले नव्बे दिन भित्र गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन पेश गर्न नसकी समबन्धित कर कार्यालयबाट म्याद थप भएको पुष्टी हुने कागजात पेश गरेमा सो अवधिभर यस उप दफा बमोजिम थप दस्तुर लाग्ने छैन।

(४) उपदफा (२) बमोजिम आवेदनका साथ पेश भएको लागजातको आधिकारिकता प्रमाणित गर्ने जिम्मेवारी संस्थाको हुनेछ।

५. <u>सेवा सञ्चालन गर्ने स्वीकृति दिन नसकिने अवस्था:</u> (१) मन्त्रालयले देहायको अवस्थामा सेवा सञ्चालन गर्ने स्वीकृति दिन इन्कार गर्न सक्नेछ:

(क) विदेशी नागरिक सञ्चालक भएमा,

(ख) विदेशी कम्पनीको फ्रेन्चाइज भएमा,

(ग) कम्पनीका सञ्चालकले फौजदारी अभियोगमा सजाय पाएमा वा दामासाहीमा परेमा,

(घ) कम्पनीका सञ्चालक कारवाहीमा परी दोस्रो कम्पनी दर्ता गरी सञ्चालन पाइएमा, गरेको

(ङ) प्रचलित कानूनको उल्लङ्घन गरी कारवाहीमा परेमा ।

(२) उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) को हकमा निवेदकले स्वयं घोषणा गर्नु पर्नेछ सो घोषणालाई मन्त्रालयले आधार मान्नेछ । गलत घोषणा गरेमा निवेदक स्वयं जिम्मेवार हुनु पर्नेछ ।

६. <u>अनुमति पत्र रद्द हुने अवस्था</u>: (१) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने कुनै पनि संस्थाको अनुमति देहायका अवस्थामा रद्द हुनेछ।

(क) सम्वन्धित संस्थाले नै अनुमति पत्र रद्द गरी पाउँ भनी निवेदन दिएमा,

(ख) दफा ८ (१) वमोजिमका शर्तहरू उल्लङ्घन गरेमा,

(ग) वदनियतपूर्ण तवरवाट सेवा प्रदान गरेको वा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

(घ) सेवा प्रदान गर्दा गरिएको सम्झौतामा निर्धारित शुल्कभन्दा वढी लिइएको प्रमाणित भएमा,

(ङ) संस्थाको दर्ता खारेज भएमा,

(च) सञ्चालन गर्ने संस्था विघटन भएमा,

(छ) संस्था सञ्चालन गर्ने फर्म वा कम्पनी लिक्विडेशन भएको प्रमाणित भएमा,

(ज) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको नीति निर्देशनहरूको उल्लङ्घन गरेको पाइएमा,

(झ) लगातार तीन आर्थिक वर्ष सम्म नविकरण नगरेमा

(ञ) दफा ५ को उपदफा (२) बमोजिम गरेको स्वघोषणा गलत भएको प्रमाणित भएमा

७. मन्त्रालयले प्रचलित ऐन, नियम र यस निर्देशिका अनुसार संस्था सञ्चालन नभएको प्रमाणित भएमा मन्त्रालयले सो संस्थाको अनुमति रद्द गर्नेछ । तर त्यसरी अनुमति रद्द गर्नु अघि सफाइ पेश गर्ने मौका दिनुपर्नेछ ।

## परिच्छेद – तीन

## <u>संस्थाको पुर्वाधार र मापदण्ड सम्वन्धी व्यवस्था</u>

८. <u>संस्थाले पालना गर्नुपर्ने शर्तहरू</u> : (१) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने संस्थाले देहायका शर्तहरू पालना गर्नुपर्नेछ :-

(क) संस्थाको लागि छुट्टै कार्यालयको व्यवस्था हुनुपर्नेछ,

(ख) संस्थाको ठेगाना तथा सम्पर्क टेलिफोन, इमेल समेत स्पष्ट खुलेको हुनुपर्नेछ,

(ग) संस्थाले आफूलाई प्रदान गरिएको अधिकारको क्षेत्रभित्र रही कार्य गर्नुपर्नेछ,

(घ) योग्यता पुगेको आधिकारिक व्यक्तिबाट मात्र शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षण सेवा प्रदान गर्नुपर्नेछ,

(ङ) नेपाली नागरिक बाहेक अरुलाई शैक्षिक परामर्शदाता, पूर्व तयारी कक्षाको प्रशिक्षक वा भाषा प्रशिक्षकको रूपमा काम गराउनुपर्ने भए सोको लागि मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिएको हुनुपर्नेछ,

(च) सेवा शुल्क पूर्ण रुपमा पारदर्शी हुनुपर्नेछ,

(छ) सेवाग्राहीसँग लिखित सम्झौता गरेर मात्र कार्य थालनी गर्नुपर्नेछ,

(ज) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीन विषयमा सल्लाह, सुझाव, परामर्श, प्रशिक्षण दिन र प्रकाशन एवम् प्रसारण नगर्ने,

(झ) अनुमति पत्र प्रदान गर्ने निकायको अनुमति प्राप्त गरेर मात्र शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा एवम् भाषा शिक्षण कक्षा सञ्चालन गर्नुपर्ने,

(ञ) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्थामा मानवीय स्रोत, भौतिक पूर्वाधार, शिक्षण सामग्री लगायतका सुविधा हुनुपर्ने,

(ट) संस्थाको स्थायी लेखा नम्बर प्रमाण-पत्र, संस्था दर्ता प्रमाण-पत्र, संस्थाबाट गरिने सेवा, कार्य प्रक्रिया र लागत समेत खुलाई सबैले स्पष्ट रूपमा देखे गरी कार्यालयमा राखुपर्ने,

(ठ) संस्थाले सेवा सञ्चालन अनुमति प्राप्त गर्न धरौटी रकम अनुसूची ३ बमोजिम बुझाउनुपर्नेछ। उक्त धरौटी रकम आवश्यक्ता अनुसार परिमार्जन गर्न सक्नेछ।

(ड) अनुमति बापत प्राप्त धरौटी बापतको रकम सो संस्था आधिकारिक रुपमा बन्द भएमा सोको प्रमाण मन्त्रालयमा पेश गरेपछि नियमानुसार फिर्ता गरिनेछ,

(ढ) भाषा शिक्षणका लागि विदेशि विद्यार्थी वर्ना गर्नुपरेमा संघिय कानुन बमोजिम पुर्व स्वीकृति लिनुपर्नेछ,

९. <u>सम्झौता गर्नुपर्ने:</u> शैक्षिक परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्थाले अध्ययनका लागि विदेशी शिक्षण संस्थामा पठाउँदा विद्यार्थी वा अभिभावकसँग निम्नलिखित विवरण खुलाई सम्झौता गर्नुपर्नेछः

(क) कलेजको नाम, विषय र तह खुलेको विवरण,

(ख) शुल्क वा वार्षिक खर्च सम्वन्धी विवरण,

(ग) विद्यार्थीहरूले पेश गर्नुपर्ने कागजातहरू,

(घ) सेवा शुल्क एवम् थप अन्य केही भए सो समेत खुल्ने विवरण ।

(३) संस्थाले आफ्नो सेवा सम्बन्धी प्रचार प्रसार गर्दा देहायका शर्तहरू पालना गर्नुपर्नेछ :-

(क) परामर्श वा प्रशिक्षण प्रदान गर्ने देश, विश्वविद्यालय, कलेज, उपाधि, लागत, मान्यता, स्तर निर्धारण आदि स्पष्ट खुलाउनु पर्ने,

(ख) आफ्नो प्रचार सामग्रीमा संस्थाको दर्ता नम्वर, अनुमति नंम्वर र सम्पर्क नम्वर र ठेगाना स्पष्ट खुलेको हुनुपर्ने,

(ग) स्वदेशी तथा विदेशी अध्ययन संस्थाले अध्ययन सम्बन्धी शैक्षिक परामर्श प्रदान गर्न शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्दा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट स्वीकृति लिनुपर्ने,

(४) शैक्षिक परामर्श सम्वन्धी मेला वा प्रदर्शनी आयोजनाका लागि देहायका कागजात संलग्न गरी मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय समक्ष स्वीकृतिका लागि निवेदन दिनुपर्नेछः

(क) स्थायी लेखा नम्वर प्रमाण-पत्र (PAN) को प्रतिलिपि,

(ख) मेला वा प्रदर्शनी आयोजनाका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रदान गरेको इजाजत पत्र,

(ग) मेला वा प्रदर्शनीमा सामेल शिक्षण संस्था, विषय, तह, लागत, उपाधिको समकक्षता बारेको विस्तृत विवरण,

(घ) मेला वा प्रदर्शनी आयोजना कार्यक्रमको विस्तृत विवरण,

(ङ) विदेशी आयोजक भए सम्वन्धित देशको कूटनीतिक निकायको सिफारिस पत्र ।

प्रदेश सचिव

(५) उपदफा ४ बमोजिम पेश गरेको निवेदन तथा कागजातहरू जाँचबुझ गर्दा उक्त मेला वा प्रदर्शनी आयोजना गर्न उचित छ भन्ने देखिएमा मन्त्रालयले अनुमति दिने सक्नेछ।

१०. विद्यार्थीले पालना गर्नुपर्ने कुराहरू : (१) विद्यार्थीहरूले शैक्षिक परामर्श सेवा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षण लिनका लागि देहायका कुराहरू पालना गर्नुपर्नेछ :-

(क) आफूले परामर्श पूर्व तयारी कक्षा वा भाषा शिक्षण लिन चाहेको संस्थाको वैधानिकता सुनिश्चित गर्नुपर्ने

(ख) शैक्षिक परामर्शदाता वा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षकको योग्यताको सुनिश्चित हुनुपर्ने,

(ग) आफ्ना प्रमाण-पत्रहरू तथा आफूसँग सम्बन्धित यथार्थ विवरणहरू पेश गर्नुपर्ने,

(घ) आफूले परामर्श लिन चाहेको देश विश्वविद्यालय, कलेज, विषय, अवधि, उपाधि, स्तर निर्धारण, उपाधि समकक्षता, लागत (धरौटी, आवेदन शुल्क, प्रवेश शुल्क, धरौटी फिर्ता प्रक्रिया, आवास खर्च, निर्वाह खर्च, निःशुल्क वृति आदि) स्पष्ट खुलाइएको लिखित सम्झौता गर्नुपर्ने,

(ङ) सम्झौता बमोजिमको लागत वहन गर्नुपर्ने,

११. परामर्शदाताको योग्यता: (१) शैक्षिक परामर्श सेवा प्रदान गर्ने परामर्शदाताको बमोजिम हुनेछः

(क) कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण भएको,

(ख) देहायको कुनै एक निकायबाट शैक्षिक परामर्श सम्बन्धी तालिम लिएकोः

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गतको निकायबाट,

२. मन्त्रालय वा अन्तर्गतको निकायबाट,

३. विश्वविद्यालय वा महाविद्यालय वा मान्यता प्राप्त तालिम प्रदायक संस्था वा कूटनीतिक निकायबाट,

४. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा कर्णाली कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय बाट शैक्षिक परामर्श तालिम संचालन गर्न अनुमति प्राप्त संघसंस्थाबाट।

१२. प्रशिक्षकको योग्यता : (१) पूर्व तयारी कक्षा वा भाषा शिक्षण गर्ने प्रशिक्षकको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :-

(क) कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण वा सम्बन्धित भाषाको कम्तीमा एक वर्षे तालिम लिएको वा उक्त भाषाको कम्तीमा Diploma Level उत्तीर्ण गरेको,

(ख) जापानी भाषा प्रशिक्षणका लागि कम्तिमा स्नातक वा सो सरह उर्त्तिण गरि न्युनतम N2 र कोरियन भाषा प्रशिक्षणको लागि कम्तिमा स्नातक वा सो सरह उर्त्तिण गरि सम्बन्धित भाषा तालिममा न्युनतम Level 3 उर्त्तिण गरेको,

(ग) TOFEL, IELTS, SAT, JLPT अध्यापनका लागि स्नातक तह उत्तीर्ण गरी अध्यापन गर्ने सम्बन्धित विषयमा न्यूनतम ७५ प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको,

(घ) GRE, GMAT अध्यापनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन गर्ने विषयमा न्यूनतम ७५ प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको ।

(२) यस भन्दा अगाडि अनुमति लिइ संचालनमा रहेका संस्थाले समेत उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम को प्रावधान यो निर्देशिका लागु भएको छ महिना भित्र पालना गरिसक्नु पर्नेछ।

१३. <u>पाठ्यक्रम:</u> विदेशी भाषा शिक्षणका लागि आधिकारिक निकायबाट स्वीकृत पाठ्यक्रम वा विश्व भाषा क्याम्पसको पाठ्यक्रम वा सम्बन्धित दुतावासबाट प्रमाणित पाठ्यक्रम अध्यापन गर्नुपर्नेछ।

## परिच्छेद - चार

## लेखा परीक्षण निरीक्षण अनुगमन र मुल्यांङ्कन

१४. <u>लेखा परीक्षण</u> : (१) शैक्षिक परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण सेवा सञ्चालन गर्ने संस्थाले देहाय बमोजिमको लेखा परीक्षण गराउनु पर्छ :

(क) महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा लेखा प्रणालीको अवलम्बन गर्नु पर्नेछ र प्रत्येक वर्ष आय-व्ययको विवरण अद्यावधिक गर्नुपर्नेछ,

(ख) मान्यता प्राप्त लेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण गराउनु पर्नेछ,

(ग) मन्त्रालयले माग गरेको जुनसुकै बखत संस्थाले आफ्नो आय-व्ययको विवरण उपलब्ध गराउनु पर्नेछ,

१५. <u>निरीक्षण, अनुगमन र मुल्याङ्कन:</u> मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले यो निर्देशिका तथा प्रचलित ऐन नियमको अधीनमा रही शैक्षिक परामर्श वा पूर्व तयारी कक्षा वा भाषा

शिक्षण संस्थाको गतिविधिको निरीक्षण, अनुगमन र मूल्यांकन जुनसुकै बखत देहायका आधारमा गर्नेछः-

(क) संस्थाको प्रगतिको अवस्था,

(ख) संस्थाले प्रदान गर्ने सेवाको स्तर,

(ग) शुल्कको विवरण

(घ) सेवाको प्रकृति,

(ङ) आर्थिक एवं अन्य विषयको पारदर्शिताको अवस्था,

(च) संस्थाको कार्यालयको नियमितता,

(छ) सेवाग्राहीसँग गरेको सम्झौता र यसको कार्यान्वयन पक्ष,

(ज) सम्बन्धित संस्थाको कार्यकुशलता ।

## परिच्छेद - पाँच

## विविध

१६. निर्देशन दिन सक्ने: (१) प्रदेश सरकारले शैक्षिक परामर्श सेवा वा पूर्वतयारी कक्षा वा भाषा शिक्षण सेवा सम्बन्धी कार्यलाई सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक निर्देशन दिन सक्नेछ । ती निर्देशन पालन गर्ने कर्तव्य सम्बन्धित संस्थाको हुनेछ ।

(२) मन्त्रालयलाई आवश्यक भएको अवस्थामा अनुमति प्राप्त संस्था मार्फत विदेशमा अध्ययन गर्न गएका विद्यार्थीका बारेमा तथा विदेशी शिक्षण संस्थासँग सम्बन्धित विषयमा नेपाल सरकार मार्फत वैदेशिक कूटनीतिक नियोग वा राजदूतावाससँग सहयोगका लागि समन्वय गर्न सक्नेछ ।

१७. शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न सक्ने: शैकषिक परामर्श व्यावसायी संघ वा महासंघले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको अनुमति लिइ शैक्षिक मेला वा प्रदशनी आयोजना गर्न सक्नेछन

१८. अनुसुचिमा हेरफेर: मन्त्रालयले आवश्यकता अनुसार अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्नेछ।

१९. बाधा नपर्ने: शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण सञ्चालन गर्ने संस्थालाई तिनको काम कारवाहीमा प्रचलित कानून बमोजिम कारवाही हुने भए यस निर्देशिकाको कुनै पनि व्यवस्थाले बाधा पार्ने छैन । यो निर्देशिकामा उल्लिखित कुनै कुरा प्रचलित अन्य ऐन नियमसँग बाझिएको अवस्थामा ऐन नियम अनुसार नै हुनेछ ।

२०. निर्देशिकाको व्याख्या: यो निर्देशिकाको व्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

अनुसूची -१

(दफा (३) को उपदफा (३) संग सम्बन्धित)

अनुमतिपत्रको लागि दिइने निवेदन

श्री सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत नेपाल ।

**विषयः- शैक्षिक परामर्श सेवा पूर्व तयारी कक्षा/भाषा शिक्षण गर्ने संस्था सञ्चालन गर्न अनुमति पत्र पाउँ।**

महोदय,

मिति...........................मा..........................................................नामको कम्पनी ....................................... शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा / भाषा शिक्षण कार्य प्रदान गर्ने उद्देश्य राखी दर्ता भएको हो । शैक्षिक परामर्श सेवा / पूर्व तयारी कक्षा (.........................)/ भाषा शिक्षण सञ्चालन गर्ने अनुमतिका लागि / अनुमति नवीकरणका लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको नाम थरः

ठेगानाः

सम्पर्क टेलिफोन

इमेलः

<u>संलग्न कागजातहरूः</u>

(क) कम्पनीको स्वीकृत प्रबन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि

(ख) सञ्चालकहरूको नागरिकता प्रमाण-पत्रको प्रतिनिधि,

(ग) स्थायी लेखा प्रमाण-पत्र (PAN), मूल्य अभिवृद्धि कर (VAT) को प्रतिलिपि,

(घ) कम्तीमा दुई जना परामर्शदाताको प्रमाण-पत्र,

(ङ) कुनै पनि देशको कम्तीमा दुई ओटा कलेज तथा विश्वविद्यालयको आधिकारिक प्रतिनिधि भएको प्रमाण- पत्रको प्रतिलिपि,

(च) कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,

(छ) कम्पनी, संस्थाको नाममा खाता सञ्चालनमा रहेको सम्बन्धित बैंकको सिफारिस पत्र,

(ज) संस्थाले प्रदान गर्ने सुविधा, कार्य प्रक्रिया र लागत समेत खुलाएको विवरण

(झ) भाषा एवम् पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाण पत्रको प्रतिलिपि सहितको विवरण

अनुसूची -२

(दफा (४) को उपदफा (१) संग सम्बन्धित

कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत नेपाल ।

# अनुमतिपत्र

श्री ..................................ले मिति ......................मा दिएको निवेदन उपर कारवाही हुँदा स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा अध्ययन गर्न चाहने विद्यार्थीहरुका सम्बन्धमा शैक्षिक परामर्श सेवा/पूर्व तयारी भाषा / शिक्षण गर्न पाउने गरी शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका २०८०को दफा ४ को उपदफा (१) बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ। यो अनुमति पत्रको म्याद आर्थिक वर्ष ............................सम्दिने भनी मिति म निर्णय भएको हुँदा यो अनुमति पत्र जारी गरिएको छ।

रजिष्ट्रेशन नम्वर:

स्थायी लेखा नम्वर:

अनुमति दिने अधिकारी

नाम:

पद:

मिति:

## नविकरणको विवरण

| आर्थिक वर्ष | राजस्व दखिला भौचर नम्वर र रकम | नविकरण गर्नेको नाम र पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# अनुमति पत्रको पछाडिको भाग

शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०८० को दफा ६ को उपदफा (१) बमोजिम शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने संस्थाले निम्न शर्तहरू अनिवार्य रूपमा पालना गर्नुपर्नेछः-

निर्देशिकाको दफा ६ को उपदफा (१) बमोजिम निम्न कुराहरू अनिवार्य पालना गर्नुपर्नेछ :-

(क) संस्थाका लागि छुट्टै कार्यालयको व्यवस्था हुनु पर्नेछ,

(ख) संस्थाको ठेगाना तथा सम्पर्क टेलिफोन, इमेल समेत स्पष्ट खुलेको हुनु पर्नेछ,

(ग) संस्थाले आफूलाई प्रदान गरिएको अधिकारको क्षेत्रभित्र रही कार्य गर्नुपर्नेछ,

(घ) योग्यता पुगेको आधिकारिक व्यक्तिबाट मात्र शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षण सेवा प्रदान गर्नुपर्नेछ,

(ङ) नेपाली नागरिक बाहेक अरूलाई शैक्षिक परामर्शदाता, पूर्व तयारी कक्षाको प्रशिक्षक वा भाषा प्रशिक्षकको रूपमा काम गराउनु पर्ने भए सोको लागि

(च) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिएको हुनु पर्ने,

(छ) सेवा शुल्क पूर्ण रूपमा पारदर्शी हुनुपर्ने,

(ज) सेवाग्राहीसँग लिखित सम्झौता गरेर मात्र कार्य थालनी गर्नुपर्ने,

(झ) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीन विषयमा सल्लाह, सुझाव, परामर्श, प्रशिक्षण दिनु र प्रकाशन एवम् प्रसारण नगर्ने,

(ञ) अनुमति पत्र प्रदान गर्ने निकायको अनुमति प्राप्त गरेर मात्र शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा एवम् भाषा शिक्षण कक्षा सञ्चालन गर्नुपर्ने,

(ट) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्थामा मानवीय स्रोत, भौतिक पूर्वाधार, शिक्षण सामग्री लगायतका सुविधा हुनुपर्ने,

(ठ) संस्थाको स्थायी लेखा नम्बर प्रमाण-पत्र, संस्था दर्ता प्रमाण पत्र, संस्थाबाट गरिने सेवा, कार्यप्रक्रिया र लागत समेत खुलाई सबैको स्पष्ट रूपमा देखे गरी कार्यालयमा राखुपर्ने,

(ड) मन्त्रालयले निर्धारण गरे अनुसारको सेवा सञ्चालन अनुमति तथा नवीकरण बापतको सेवा दस्तुर तथा धरौटी बुझाउनुपर्ने । यस्तो धरौटी बापतको रकम संस्था आधिकारिक रूपमा बन्द भई सोको कागजात मन्त्रालयमा पेश गरेपछि नियमानुसार फिर्ता गरिनेछ ।

अनुसूची -३

(दफा (३)को उपदफा (५) संग सम्बन्धित

(दफा (८)को उपदफा (१, ठ) संग सम्बन्धित

कर्णाली प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत नेपाल ।

## शुल्क विवरण

शैक्षिक परामर्श सेवा/पूर्व तयारी भाषा/शिक्षण गर्न पाउने गरी शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका २०८० को दफा (३) को उपदफा (५) संग सम्बन्धित, (दफा (८) को उपदफा (१,ठ) संग सम्बन्धित शिक्षण संस्था खोल्नका लागि, धरौटी, अनुमति, नविकरणको शुल्क बुझाएको सक्कल भौचर सामाजिक विकास मन्त्रालयमा पेश गरेपछि मात्र शिक्षण संस्थाको अनुमति तथा नविकरण गरिनेछ। आवश्यकता अनुसार मन्त्रालयले शुल्क परिमार्जन गर्न सक्नेछ।

## धरौटी, अनुमति, नविकरणको शुल्क विवरण

| विवरण | रकम |
|---|---|
| अनुमति वापत वुझाउनु पर्ने रकम | रू.१०००० ।-( दश हजार मात्र) |
| नविकरण वापत वुझाउनु पर्ने रकम रकम | रू.५००० ।-( पाँच हजार मात्र) |
| धरौटी वापत वुझाउनु पर्ने रकम रकम | रू.१५०००० ।-( एकलाख पचास हजार मात्र) |

प्रदेश सचिव
मा. लड्डा बहादुर पोखरेल
मन्त्री